"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०७९/०८०/योजना
च.नं.

मिति : २०७९/११/१९

## सूर्योदय नगरपालिका क्षेत्रभित्र निर्माण भएका भवनहरूको अभिलेखीकरण गर्ने बारे अत्यन्त जरूरी

## सूचना !!

सूर्योदय नगरपालिकाको मिति २०७९/११/१० गतेको बाह्रौ नगर कार्यपालिका बैठक (०७९/८०) को निर्णय बमोजिम सूर्योदय नगरपालिका क्षेत्रभित्र संस्थागत/ निजी वा जुनसुकै प्रकृतिको नक्सा पास नगरी निर्माण भएका घर/ भवन/ संरचनाहरूको अभिलेखीकरण गर्न **२०७९ चैत्र मसान्तसम्म** म्याद थप गरिएकोले उक्त म्यादभित्र तपशिल बमोजिमका कागजात सहित अनिवार्य रुपमा अभिलेखीकरणका लागि आवेदन गर्न सम्बन्धित सबै व्यक्ति/ संघ संस्था/ संस्थान/ उद्योगहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तोकिएको समयावधिभित्र आवेदन पेश नगरेमा त्यस्ता भवनहरूको विवरण सङ्कलन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड/ कार्यविधि र नगर कार्यपालिकाको निर्णय बमोजिम कारबाही भइजाने ब्यहोरा समेत यसै सुचना मार्फत सुचित गराइन्छ ।

**तपशिल:**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि–१ प्रति
- जग्गाधनि पुर्जाको प्रतिलिपि– १ प्रति
- चार किल्ला प्रमाणित – १ प्रति
- सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि – १ प्रति
- संरचनाको आर्किटेक्चरल नक्सा - २ प्रति
- संरचनाको तला संख्या र मोहोडा देखिने रङ्गिन फोटो – १ प्रति
- घरधनिको पासपोर्ट साइजको फोटो – २ प्रति

***पुनश्च:*** यस सम्बन्धमा कुनै द्विविधाभएमा वा थप जानकारी आवश्यक भएमा सूर्योदय नगरपालिका भवन तथा वस्ती विकास शाखा (९८५२०२५६४५ र ९८४८९४८४९०) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत